नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कोभिड-१९ को महामारीका सन्दर्भमा

# कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अनुरोध

कोरोना भाइरसको विश्वव्यापी महामारीको संक्रामक प्रसार न्यूनीकरण गरी नेपाली जनताको जीवन रक्षार्थ गरिएको बन्दाबन्दीको अवस्थामा समेत कृषि सम्बन्धी गतिविधि नियमित नराखे भोलीका दिनमा खाद्य असुरक्षाको अवस्था आउन सक्ने सम्भावना छ । यस्तो अवस्था आउन नदिन, बन्दाबन्दीको समयमा समेत कृषि कर्मलाइ जारी राख्ने नेपाल सरकारको निर्णय भए बमोजिम यस क्षेत्रमा संलग्न कृषक, व्यवसायी, कृषि तथा पशु सेवा प्राविधिक, सञ्चारकर्मी लगायत सम्बध्द सबैमा आ-आफ्नो स्थानबाट निम्नानुसारका कार्य गर्न/गराउन सहयोगको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

१. कृषक बर्गलाई संक्रमणबाट बच्न सावधानीका उपायहरुको पालना गरी नियमित रुपमा कृषि कर्ममा लाग्नु हुन निम्नानुसार अनुरोध छ ।

- संभव भएसम्म जग्गा बाँझो नराखौ, सिजन अनुसार जुन बाली लगाउन सकिन्छ सो बाली लगाउने कार्यमा जुटौ ।
- बाली लगाउने, गोड्ने, काट्ने / उठाउने, माछा, मौरी र पशुपन्छीपालनका कार्यका साथै उत्पादित बस्तुको बजारीकरणका काम निर्वाध रुपमा जारी राखौ।
- बाली लगाउने, गोड्ने, काट्ने / उठाउने जस्ता कार्यमा संलग्न हुने प्रत्येक व्यक्तिले आपसमा कम्तिमा ३ फिटको दूरी कायम हुने गरी क्षेत्र तोकेर काम गरौ ।
- काम गर्दा, विश्रामको समयमा, खाजा वा चिया खाने बेला, आवत जावत गर्दा समेत कम्तिमा ३ फिटको दूरी कायम राखौ र व्यक्तिगत सुरक्षार्थ मास्क लगाउने वा सल वा रुमालले मुख छोप्ने गरौ।
- कृषि कार्यमा मेशिनको प्रयोग गर्न मिलेसम्म मेशिनको प्रयोग गरौ, मेसिनरीहरुको प्रयोग अगाडि र पछि साबुन पानीले हात धुन नविर्सौ ।
- मेशिन लगायतका अन्य सरसामान, उपकरणहरूको प्रयोगमा लैजानु अघि र फर्काएपछि राम्रोसंग निर्मलीकरण गरौ ।
- स्वस्थ व्यक्ति मात्र कृषि काममा संलग्न होऔ, सम्भावित संक्रमितलाई काममा नलगौ ।
- तरकारी र फलफूल नर्सरीबाट बिरूवा बितरण गर्दा, मत्स्य नर्सरीबाट भुरा बितरण गर्दा, दुग्ध सहकारीले दूध संकलन गर्दा सीमित व्यक्तिमात्र उपस्थित हुने र भौतिक दूरीको पालना लगायत स्वास्थ्यका अन्य सावधानी अपनाऔ । यस्ता गतिविधि गर्दा मास्क प्रयोग गर्ने र सावुनपानीले हात धुने व्यवस्था गरौ।

२०७७/१/१५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- पशुपन्छीका गोठ/फार्ममा कार्य गर्दा छुट्टै लुगा र जुत्ताको प्रयोग गरौ । गोठ/खोरमा नियमित निसंक्रमण गरौ । पशुपन्छीमा स्वास्थ्य सम्वन्धी कुनै समस्या देखापरेमा नजिकमा रहेका पशुसेवा प्राबिधिक वा पशुपन्छी अस्पताल तथा विज्ञ केन्द्रका प्राबिधिकसंग सम्पर्क राखौ । पशुपन्छीका संक्रामक रोग विरुद्ध प्राविधिकको सल्लाह अनुसार नियमित खोप लगाऔ ।
- बजारमा लानु पर्ने बालीवस्तु यदि केही समय भण्डारण गर्न सम्भव छ भने भण्डारण गरौ, वजार लग्न हतार नगरौ ।
- माल सामान ढुवानीका क्रममा सवारी साधनमा रहने व्यक्तिहरुले स्वास्थ्य सुरक्षाका उपाय अपनाऔ । सवारी साधनमा अनिवार्य रुपमा स्यानीटाइजर राखौ । सवारी साधन चलाउनु अघि र पछि नियमित रुपमा धुने गरौ ।
- तरकारी,फलफूल जस्ता चाडै बिग्रने बाली बजार लैजान नसकेमा सम्भव भएमा शीत भण्डारमा राखे, नभए संरक्षण गरी (सुकाउने, सिन्की वा गुन्द्रुक बनाउने, अचार बनाउने, जुस बनाउने अदि) राखौ । माछा बिक्री गर्न सम्भव नभएमा सुकाएर, भ्याकुम प्याकिङ्ग गरेर, नुनमा संरक्षण गरेर, धुँवा लगाएर तथा अन्य विधिहरुको प्रयोग गरेर संरक्षण गर्न सकिन्छ । बिक्री हुन नसकेको दुधलाइ खुवा घीउ, पनिर लगायतका दुग्धपदार्थ बनाएर संरक्षण गरौ ।
- धान, तरकारी, घाँस लगायतका वालीका बीउ बिजन, मल, बिषादि, दाना, पशुपन्छीका औषधी, खोप, दाना, कृत्रिम गर्भाधान सेवा वा अन्य उपकरणका लागि समयमा नै नजिकका कृषि तथा पशु सेवा प्राबिधिकसंग समन्वय गरी सम्बन्धित कृषि सहकारी, कम्पनी वा एग्रोभेट वा भेटेरिनरी औषधि पसलमा सम्पर्क राखौ ।
- बालीविरुवाको नियमित निरीक्षण गरौ, रोग कीराको समस्या भएमा नजिकमा उपलव्ध कृषि प्राविधिकसंग सम्पर्क राखौ ।
- फलफूलका बिरूवाको माग गर्नु परे, तोकिएका श्रोत केन्द्र वा संबन्धित क्षेत्रमा कृयाशील कृषि प्राबिधिकसंग सम्पर्क राखौ ।
- कृषि कर्ममा संलग्न व्यक्तिले काम गर्ने ठाँउ वरिपरि थुक्ने वा सिङ्गान फाल्ने नगरौ । काम गर्दा सकेसम्म आँखा, कान, नाक, मुख नछोऔ ।

२. काममा जानु अगाडि, कार्यस्थलमा पानी, चिया वा खाजा खानु अगाडि र घरमा पुगे पछि अनिवार्यरूपमा सावुन पानीले हात धुने गरौ ।

३. स्थानीय तहको सहकार्यमा कृषक समूह र सहकारीले कृषि वस्तुको बजार व्यवस्थापन, कृषि सामाग्रीको माँग संकलन र ढुवानीमा सहयोग गरी किसानका समस्या समाधानकालागि सहजीकरण गरौ ।

४. तीनै तहका सरकार र अन्य निकायमा कार्यरत कृषि तथा पशुसेवा प्राबिधिकलाई कृषकको मनोबल बढाउने खालका सुचना र जानकारी दिनुहुन अनुरोध छ । कृषकले भोग्नु परेका समस्या समाधानका लागि जसले जहाँबाट सकिन्छ सहजीकरण गरौं । कृषकसंग सूचना र संचारका बिभिन्न माध्यम प्रयोग गरी सम्पर्क कायम

२०७६।१२।१५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

गरौं । यो समयमा गर्नु पर्ने काम, ध्यान दिनु पर्ने कुराहरूका बारेमा प्राविधिक जानकारी प्रदान गरौं । कृषकलाई आवश्यक मल, बीउबिजन, बिषादी, दाना, खोप, औषधी तथा उपकरणको ब्यवस्थापनका लागि सहयोग गरौं ।

५. कृषकका समस्याका बारेमा लेख्दा वा वोल्दा तिनको मनोबल बढाउने, उत्प्रेरित गर्ने र जाँगर बढाउने खालका जानकारी दिन सबै सञ्चारकर्मी मित्रहरुलाइ अनुरोध छ । कृषि कर्ममा प्रयोग हुने सामग्रीको उपलब्धता, उत्पादित वस्तुको संभावित बजारीकरण र प्राविधिक सेवाटेवा सम्वन्धी जानकारी लगायतका अन्य सूचना प्रशारण र प्रकाशन गरी सहयोग गरी दिनु हुन अनुरोध छ ।

६. कतिपय कृषि तथा पशुपन्छी सामाग्रीका खुद्रा बिक्रेताहरूले अहिलेको असहज परिस्थितिमा समेत आफ्नो सेवा सुचारू राख्नुभएको छ, यसलाइ कायम राख्दै अझ बढी सेवाका लागि अनुरोध छ । स्थानीय तह र प्रशासनसंगको समन्वयमा निर्धारित भौतिक दुरी कायम हुने गरी खुल्न नसकेका पसलहरु पनि खोल्ने ब्यवस्था मिलाउन र पसल आउन नसक्ने कृषकहरूका लागि होम डेलीभरीको ब्यवस्था मिलाउन वा सामुहिकरूपमा माँग संकलन गरी ढुवानीको ब्यवस्था मिलाइ दिन अनुरोध छ ।

७. स्थानीय तहका पदाधिकारी र स्थानीय प्रशासनको समन्वयमा ब्यक्तिगत स्वास्थ्यका सबै बिधिहरू परिपालना गरी कृषि बजार संचालन गर्न कृषि बजार संचालक र ब्यवस्थापकहरूलाई अनुरोध छ ।

८. स्वदेशी तरकारीको पर्याप्त उत्पादन भएकाले यसको बजारीकरणका लागि सहयोग पुर्याउन तरकारी आयातकर्ता र थोक बिक्रेतालाई अनुरोध छ ।

९. कृषि उपज, कृषि सामग्री, कृषि कर्मकालागि आबश्यक अन्य वस्तुहरू ढुवानी सहजीकरणका लागि स्थानीय प्रशासन र सुरक्षाकर्मीले खेलेको भूमिकाको सराहना गर्दै कतै अवरोध नहुने गरी कृषिजन्य वस्तुहरू र कृषिजन्य सामाग्रीहरूको ढुवानी तथा कृषिजन्य उपज र माछामासु बिक्री गर्ने पसल खोल्ने ब्यवस्था मिलाउनु हुन पुनः अनुरोध छ ।

१०. दाना, ह्याचरी, दुग्ध प्रशोधन जस्ता उद्योगहरुमा श्रमिक कामदारलाई भौतिक दूरी कायम राख्दै व्यक्तिगत स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गरी नियमित कामकाजमा लगाउन सबै उद्यमीहरूलाई अनुरोध छ ।

२०७७।१२